११०६१६९८

राष्ट्रिय सूचना आयोगको
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरण कुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १४९/२०७०/०७१ -
निर्णय नं:- ७१९

रौतहट जिल्ला वरियापुर गा.वि.स. वार्ड.न २ विरनगरा बस्ने संजेश प्रसाद यादव ........ ...१ पुनरावेदक

विरूद्ध

प्रधानाध्यापक, श्री माध्यामिक विद्यालय बिरनगरा, वरियापुर ३, रौतहट........................ ...१ विपक्षी
सूचना अधिकारी, श्री माध्यामिक विद्यालय विरनगरा, वरियापुर ३, रौतहट.........................१

विषय :- सूचना दिनू भनिएकाना पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

रौतहट जिल्ला वरियापुर गा.वि.स. वार्ड.न २ विरनगरा बस्ने संजेश प्रसाद यादवले श्री माध्यामिक विद्यालय विरनगरा, वरियापुर ३, रौतहट समक्ष सचना माग गरेकोमा माग अनुसारको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।२।३२ मा पुनरावेदन पेश गरको सम्वन्धमा यस आयोगबाट मिति २०७२।०४।१८ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न श्री माध्यामिक विद्यालय विरनगरा, वरियापुर ३, रौतहटलाई यस आयोगबाट मिति २०७२।०४।१८ च.नं. ७१ को पत्रबाट लेखी पठाईएको । उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्